# प्रथम दलित क्वेर क्याम्प, २०८०

## पोखरा घोषणा

**मितिः १० भदौ २०८०**

मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ ले "लिङ्गका आधारमा कुनै पनि व्यक्तिलाई भेदभाव नगरी हरेक व्यक्तिलाई घोषणापत्रमा उल्लिखित सबै अधिकार र स्वतन्त्रता प्राप्त हुनेछ" भनी उल्लेख गरेको छ । नेपालको संविधानले पनि "यौनिक तथा लैङ्गिक अल्पसंख्यकको हक अधिकार"लाई संवैधानिक रूपमा सुरक्षित गर्ने प्रयास गरेको छ । त्यस्तै सर्वोच्च अदालतले विभिन्न समयमा यस समुदायको अधिकारका सम्बन्धमा गरेका निर्णयहरू प्रगतिशील र सकारात्मक रहेका छन् । यस कार्यमा नेपाली यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायको गौरवपूर्ण संघर्षको महत्वपूर्ण योगदान रहेको छ । यद्यपि, आज पनि यो समुदाय विभिन्न नागरिक तथा राजनीतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारबाट वञ्चित हुनु परेको यथार्थ हाम्रा सामु छ । त्यसैगरी हालसम्म यस आन्दोलनका सफलताहरूले आन्दोलनभित्रको आन्तरिक विविधता र आन्दोलनको लोकतान्त्रीकरण कति गर्न सक्यो भन्ने प्रश्न आजको महत्वपूर्ण सवाल हो ।

नेपाल जस्तो *"जातमा आधारित समाज"*मा जात र यौनिकताको अन्तरसम्बन्धले उनीहरूको चाहना, घनिष्टता र प्रेमलाई प्रभावित पार्छ । यसको अर्थ नेपालमा होमोफोबिया, क्वेर फोबिया र ट्रान्सफोबिया विषम यौनिकतामा आधारित पितृसत्ता (*Heteropatriarchal*) मार्फत् एउटै जातभित्र प्रेम, यौन सम्बन्ध वा विवाह गर्ने ब्राह्मणवादी संरचनासँग सम्बन्धित छ । सोही कारण हिन्दू धर्ममा आधारित जात व्यवस्थाले यौनिक तथा लैंगिक अल्पसंख्यक व्यक्तिहरूको अधिकारलाई पश्चिमा अवधारणाका रूपमा हेर्दै उनीहरूको अधिकारलाई सधैं राष्ट्रियता विरोधि र नेपाली संस्कृतिमाथिको चुनौतिका रूपमा लिने गर्छ । त्यसैले प्रेम, यौन सम्बन्ध र विवाहमा *"सजातीयता"*लाई उच्च र प्रकृतिक ठान्ने ब्राह्मणवादी विषम यौनिकतामा आधारित पितृसत्ता (*Heteropatriarchal*)को अन्त्यविना यौनिक तथा लैंगिक अल्पसंख्यक व्यक्तिहरूको अधिकारलाई सुनिश्चित गर्न सकिँदैन किनकि यसले मानिसहरूबीच रहेका फरक भोगाइ, अनुभव र संघर्षलाई इन्कार गर्दछ । मानवीय सम्बन्धमा रूपमा *जात, वर्ग, लिंग, भूगोललगायतका अवयवहरूले* निर्धारण गरेका मूल्यहरूलाई बेवास्ता गर्छ । र, यौनिक तथा लैंगिक अल्पसंख्यकले भोगेका भिन्न संघर्ष, उनीहरूको इतिहास र पहिचानलाई निषेध गर्छ ।

नेपालमा पाँचौ गौरव यात्रा *(वि.सं. २०८०)* का अवसरमा यो वर्षमात्रै दलित समुदायका यौनिक तथा लैंगिक अल्पसंख्यक व्यक्तिहरूले संगठित रूपमा "दलित क्वेर र गौरव" नारासहित गौरव यात्रामा सहभागिता जनाएका थिए । आन्दोलनभित्र पहिलो पटक जातीय पहिचान, लैंगिकता, यौनिकता र जात व्यवस्थाका बारेमा प्रश्न उठाएका थिए । यो यात्राले आन्दोलनभित्र जातको प्रश्नको उठानमात्र गरेन कि ब्राह्मणवादी विषम यौनिकतामा आधारित पितृसत्ताको ढाँचाभित्रै रहेर यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायको आन्दोलनको आन्तरिक लोकतन्त्र, विविधताको संबोधन र समग्र समुदायमाथिको उत्पीडनको अन्त्य हुन नसक्ने ठहर पनि गरेको थियो । समग्रमा यो यात्रा आन्दोलनभित्र "जात व्यवस्थाका कारण" सिर्जित दलित यौनिक तथा लैंगिक अल्पसंख्यक व्यक्तिहरूमाथिको ऐतिहासिक विभेद र बहिष्करणका अर्थराजनीतिक प्रश्नहरूको वेवास्ताप्रति दीर्घकालीन संगठित पहलको उद्घोष थियो ।

"दलित क्वेर नेपाल" अभियान यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायबीच विभाजन होइन जोड्ने अभियान हो । अन्तरजातीय क्वेर प्रेम नै खास प्रेम हो, र यो पितृसत्ता र जातविरोधि समाज निर्माणको अनिवार्य सर्त हो । यहीं उद्घोषको निरन्तरताकै क्रममा नेपाली दलित आन्दोलनको इतिहासमा पहिलो पटक सामरी उत्थान सेवाको पहलमा हामी देशै भरका २५ दलित क्वेर व्यक्तिहरूको सहभागितामा मिति २०८० भदौ ९ र १० गते दुई दिनसम्म पोखरामा "प्रथम दलित क्वेर क्याम्प"को आयोजना गरी दलित समुदायका यौनिक तथा लैंगिक अल्पसंख्यक व्यक्तिहरूलाई संगठित गर्ने उद्घोष गरेका छौं । यस कार्यका लागि नताशा परियारको संयोजकत्वमा नौ सदस्यीय संघीय सञ्जाल तथा प्रदेश १ मा पुष्प रसाइली, मधेश प्रदेशमा प्रमोद कापर, बागमती प्रदेशमा प्रिन्स परियार, गण्डगी प्रदेशमा प्रवेश विक, लुम्बिनी प्रदेशमा हिमानी रसाइली, कर्णाली प्रदेशमा निशा सुनार र सुदुर पश्चिम प्रदेशमा अनिल सुनारको संयोजकत्वमा प्रादेशिक सञ्जालको गठन गर्दै देहायका मागहरूसहित यो घोषणापत्र जारी गरेका छौंः-

**हाम्रा मागहरू**

१. यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायको आन्दोलनभित्र दलित समुदायका व्यक्तिहरूले ऐतिहासिक रूपमा भोगेको विभेद, बहिष्करण र उनीहरूको पहिचानलाई स्वीकार गरी आन्दोलन र आन्दोलनसँग सम्बन्धित संघ-संस्थाहरूमा उनीहरूको अर्थपूर्ण सहभागिता, नेतृत्व र जातको प्रश्नलाई मूलप्रवाहीकरण गरियोस् ।

२. दलित आन्दोलन र दलित नागरिक आन्दोलनभित्र यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायको सहभागिता, नेतृत्व र विविधतालाई पहिचान गर्दै आन्दोलनभित्र यौनिक तथा लैंगिक विभेद र बहिष्करणको मुद्दालाई मूलप्रवाहीकरण गरियोस् । दलित नागरिक संस्था र आन्दोलनभित्रका संरचनाहरूमा उनीहरूको अनिवार्य सहभागितालाई सुनिश्चित गरियोस् ।

३. दलित समुदायका लागि प्राप्त लाभमा यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायलाई विशेष प्राथमिकता दिइयोस् । उनीहरूको आर्थिक शसक्तीकरण, मनोसामाजिक कल्याण र वैयतिक विकासका लागि स्थानीय, प्रदेश र संघीय सरकारद्वारा विशेष कार्यक्रमहरू तर्जुमा गरियोस् ।

४. ४० वर्ष पुगेका र जोखिममा रहेका यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायका व्यक्तिहरूका लागि राज्यद्वारा सामाजिक् सुरक्षाको प्रत्याभूतिका लागि विशेष कार्यक्रम र योजनाहरू तर्जुमा गरी सोको कार्यान्वयन गरियोस् ।

५. यौनिकता तथा लैंगिक पहिचानका आधारमा राज्यविहीन बनाइएका र भूमिहीन दलित समुदायको नागरिक तथा राजनीतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको सुनिश्चितता गरियोस् । उनीहरूको शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षाको हकलाई राज्यद्वारा प्रत्याभूति गरियोस् ।

६. नीजि तथा सार्वजनिक क्षेत्रमा जातका आधारमा हुने विभेद, बहिष्करण र हिंसाका पीडित व्यक्तिहरूको न्यायमा पहूँचको सुनिश्चितताका लागि विभेदको प्रमाणको भार पीडकमाथि नै हुने कानुनी व्यवस्था गरियोस् ।

७. जातीय तथा अन्य छुवाछूत र भेदभाव (कसुर र सजाय) ऐन, २०६८ को अक्षरस कार्यान्वयन गरियोस् । र यस ऐनको कार्यान्वयनका लागि यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायको आन्दोलनभित्र समेत विभिन्न जनचेतनामूलक अभियानहरू सञ्चालन गरियोस् ।

८. दलित समुदायका यौनिक तथा लैंगिक अल्पसंख्यक व्यक्तिहरूको समग्र अवस्थाका बारेमा सरकार, अन्तर्राष्ट्रिय समुदाय, दातृ निकाय र नागरिक समाजका तर्फबाट अध्ययन तथा अनुसन्धान गरी जातकै आधारमा उनीहरूले भोग्नु परेका विशिष्ठ समस्या र समाधानका उपायहरूको खोजी गरियोस् ।

**धन्यवाद ।**